# महालेखा परीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रादेशिक लेखापरीक्षण निर्देशनालय नं १

डोरमुकाम,झापा

**अ.छा.बे**

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


मिति: २०७६। ०९।१९

पत्र संख्या : २०७६।७७
च.नं. ६२

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
कन्काई नगरपालिका
झापा ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७५।०७६ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७६।०९।१६ मा छलफल पश्चात् तयार गरिएको पाना बाइस (२२) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्याविधि ऐन २०५५ को दफा १९ अनुसार ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(भूमिराज आचार्य)
निर्देशक

**बोधार्थ तथा कार्यार्थ:**

श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार,काठमाण्डौ : प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,

झापा प्रतिवेदन संलग्न छ ।

स्थानीय निकायको नाम :
कनकाइ नगरपालिका, झापा ।

आर्थिक वर्ष: २०७५।०७६

| | नाम | कार्यरत अवधि | | बेरुजू रक |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्र.प्र.अ.श्री देवेन्द्र कार्की<br>हरीप्रसाद मिश्र<br>गणेशप्रसाद वराल<br>खरुदेव चुडाल | २०७५।०४।०१<br>२०७५।०७।१३<br>२०७५।०९।१६<br>२०७५।१२।२१ | २०७५।०७।१२<br>२०७५।०९।१५<br>२०७५।१२।२०<br>२०७६।०३।३१ | |
| लेखा प्रमुख | लेखा अधिकृत विदुर मिश्र<br>लेखा अधिकृत दिनेश पोखरेल<br>लेखा अधिकृत भुपेन्द्र दहाल | २०७५।४।१<br>२०७५।५।२२<br>२०७६।०१।०७ | २०७५।०५।२१<br>२०७६।१।०६<br>२०७६।०३।३१ | २१६६०९ |

## कनकाइ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्य अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने कनकाइ नगरपालीकाको स्थापना भएको हो । स्थानीय सर संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक क जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालीका अर्न्तगत ९ वडा रहेको ५० सभा सदस्य ७९.१ व.कि.मी.क्षेत्र जनसंख्या ४०१४१, १ नं. प्रदेशमा अवस्थित छ ।

**१ स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम कनकाइ नगरपालीकाले प्राप्त आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र र कोषको संक्षिप्त अवस्था निम्न वमोजिस रहेको छ :

### आर्थिक वर्ष २०७५।७६

### सञ्चित कोषको विवरण

| सि.नं. | आय विवरण | रकम | जम्मा रु. | सि.नं. | व्यय विवरण | रकम रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| १ | गत आ.व.को जिम्मेवारी | | ४८५१४५०४ | १ | खर्च | | ४०७३३७ |
| | | | | | आन्तरिक आय चालु खर्च | १०४५२४७३ | |
| | | | | | समानिकरण अनुदान चालु | २८०८७०३६ | |
| | राजश्व बाडफाड | ० | | | राजश्व बाडफाड केन्द्र सरकार | ५९५१४३२० | |
| | कर्मचारी कल्याणकोष खाता | ७३३०९ | | | प्रदेश राजश्व बाडफाड | २०७४१००४ | |
| | वातावरण विकास कोष खाता | ११७८०३७ | | | सर्सत प्रदेश अनुदान | ३०५००००० | |

आ.व. २०७५/७६

कार्यालय : कन्काइ नगरपालिका

| | | | |
|---|---|---|---|
| | धरौटी खाता | ६०२७४८७ | |
| | न पा अनुदान गत | ० | |
| | आन्तरिक आय | ३६१३४६५१ | |
| | मर्मत सम्भार कोष | १४३०६१२ | |
| | प्रकोप व्यवस्थापन कोष | ३६७०४०८ | |
| २ | चालु आम्दानी | | ४३४३९७६५७ |
| | राजश्व बाडफाड प्रदेश | २०७४१००४ | |
| | राजश्व बाडफाड केन्द्र | ५९५१४३२० | |
| | समानिकरण अनुदान | ११८३००००० | |
| | सशत अनुदान चालु | १४१८१२८०० | |
| | नपा अन्य न.पा अनुदान | ० | |
| | आन्तरिक आय | ५०२६७३८८ | |
| | प्रदेश समानीकरण सर्सत | ३०५००००० | |
| | प्रदेश समानीकरण अनुदान | ३७७०००० | |
| | समपुरक अनुदान | ९४९२१४५ | |
| | | | |
| ३ | नेपाल सरकारबाट अनुदान | | १२२५९९५०० |
| | [illegible] | [illegible] | |
| | [illegible] | [illegible] | |
| | [illegible] | [illegible] | |
| | [illegible] | ३०५००० | |
| | [illegible] | २९३५०० | |
| | तराइ मधेश सम्बृधि | १००००००० | |
| | राष्ट्रपती चुरे | १७५०००० | |
| | सामाजिक सुरक्षा भत्ता | ७७११९००० | |
| | शास्कृतीक प्रर्वधन | २५००००० | |
| | | | |
| ४ | अन्य आम्दानी | | १३०४९८५० |
| | सडकबोर्ड | ४०००००० | |
| | जि. स. स | ४३४०००० | |
| | बैकल्पीक उर्जा | १७०९८५० | |
| | अन्य न पा आम्दानी | ३०००००० | |
| | | | |
| ५ | अन्य कोषहरुको आम्दानी | | ३८५७००५५ |
| | मर्मत संभार कोष | १५८८१७२ | |
| | प्रकोप व्यवस्थापन | ५३४३४५९ | |
| | वातावरण विशेष कोष | ७८३८४६ | |
| | र्कमचारी कल्याण कोष खाता | ० | |
| | धरौटी खाता | ३०८५४५७८ | |
| | जम्मा | | ६५७१३१५६६ |

| | | | |
|---|---|---|---|
| | प्रदेश समानीकरण अनुदान | ३७७०००० | |
| | सशर्त अनुदान | १४१८१२८०० | |
| | समानिकरण अनुदान पुजीगत | ८०७२९८९० | |
| | आन्तरिक आय पुजिगत खर्च | २८१३००६२ | |
| | समपुरक अनुदान | ३६००००० | |
| २ | अन्य खर्च | | १३१६७ |
| | सडकबोर्ड | ४०००००० | |
| | जी स स | ४३४०००० | |
| | अन्य न पा अनुदान | ३०००००० | |
| | बैकल्पीक उर्जा | १८२७७०२ | |
| | | | |
| ३ | अन्य कोषहरुको खर्च | | ३६३११ |
| | मर्मत संभार कोष | १३७९२५१ | |
| | प्रकोप व्यवस्थापन | ४९८७४५० | |
| | वातावरण विशेष कोष | ० | |
| | धरौटी | २९९४४५१९ | |
| ४ | अनुदान खर्च | | १२२४३ |
| | नगरक्षेत्र पुर्वाधार भुरुग खोला | २७००००० | |
| | संघिय मामीला पुर्वाधार | १०००००००० | |
| | एन.डि.सि.डि.पि.चालु | ३०५००० | |
| | एन एल आर चालु | २९३५०० | |
| | | ० | |
| | तराइ मधेश सम्बृद्धि | १०००००००० | |
| | राष्ट्रपती चुरे मधेश | १७१५०००० | |
| | सामाजिक सुरक्षा भत्ता | ७६९५७२०० | |
| | प्रधान मन्त्री रोजगार | २५३२००० | |
| | शहिद डिल्ली गौतम | २५००००० | |
| ५ | अन्तिम मौज्दात | | ७१९ |
| | राजश्व बाडफाड | ० | |
| | कर्मचारी कल्याण कोष खाता | ७३३०९ | |
| | धरौटी खाता | ६९३७५४५ | |
| | न पा अनुदान गत | ० | |
| | समानिकरण अनुदान | ० | |
| | मूल संचीत कोष | ५७३४६५२८ | |
| | प्रकोप व्यवस्थापन | ४०२६४१७ | |
| | मर्मत संभार कोष | १६३९५३२ | |
| | वातावरण विशेष कोष | १९६१८८३ | |
| ६ | पेश्की बाकी कार्यालय भवन | | ५ |
| | | | |
| | जम्मा | | ६५ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा असुली :** पालिका अन्तरगतको विभिन्न कार्यक्रम सञ्चालन गर्दा वढी भुक्तानी लगायतको देहाय अनुसारको असुली भइ विभिन्न सञ्चित कोष दाखिलाको भौचर पेश छ | |

| सि.नं | व्यहोरा | रकम | सञ्चित कोष |
|---|---|---|---|
| १ | तलब वढी निकासा र कर | १२३०२० | संघीय |
| २ | सामाजिक सुरक्षा | ४९५८६५८ | संघीय |
| ३ | जनप्रतिनिधिको वढी खर्च | २०३२३५ | स्थानीय |
| ४ | तलव वढी | २८२५० | स्थानीय |
| | जम्मा | ५३१३१६३ | |

| | | |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार २८ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गरएको छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संञ्चालन गर्ने उल्लेख गरेको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र सम्पन्न गरेको र २०७५।३।१५मा स्वीकृत गरेको छ । | |

| | |
|---|---|
| ३. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको<br>• कार्यलयको स्थायी लेखा नम्वर नलिएको<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको, (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५)<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५)<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको,<br>• जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको, (आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०.३)<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४)<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का बिल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको,<br>• उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१)<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ। |

| | | | |
|---|---|---|---|
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमानिर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यिनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरीनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ । | | |
| ५. | **अनुमानमा घटी आय** : नगरपालीकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३९५९००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ५०२६७३८८ .००अर्थात अनुमानको तुलनामा १२७ प्रतिशत वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ती वीच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ । | | |
| ६. | **आन्तरिक ऋण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |

| | |
|---|---|
| ८. | **नमुना विद्यालयको वजेट व्यवस्था :** नेपाल सरकारले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्य लिइ साविकका २४० निर्वाचन क्षेत्रमा एक एक विद्यालयलाइ नमुना विद्यालय स्थापना गर्न विद्यालयलाइ गुरुयोजना तयार गर्न लगाएको र विद्यालयले गुरुयोजना तयार गरी स्थानीय सरकार मार्फत शिक्षा तथा मानव विकास श्रोत केन्द्रवाट स्वीकृत गराएको देखियो । सो योजनाको लागि कुल लागत रु.७५,२४,७२,१००।०० रहेकोमा कनकाइ माध्यामिक विद्यालयलाइ यस वर्ष रु.१,५०,००,०००।०० मात्र वजेट पठाएको देखिन्छ । यसरी भएको विनियोजनवाट काम पुरा गर्न करीव ५० वर्ष लाग्ने देखिएकोले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्यमा पुग्ने सही मार्ग पहिल्याउन नसकेको हुदा सम्वद्ध सवै पक्षले ध्यान पुरयाउनु पर्दछ । |
| ९. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी रहेपनि पदपूर्ति रहेको देखियो भने पद रिक्त रहेका छन । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । |
| १०. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसावमा खुलासा समेत नगरेको स्थिति छ। थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ। |
| ११. | **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियम विपरीत कार्यमा रु. २१६६०९४१.०० खर्च गरेकोले नियमावलीको पालना गरेको देखिएन । |
| १२. | **वक्यौता रकम असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठनूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठनूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । |

| | | | |
|---|---|---|---|
| १३. | **राजश्व कारोबारको लेखा:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | | |
| १४. | **रसीद नियन्त्रण खाता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | | |
| १५. | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | | |

५५

| | | |
|---|---|---|
| १६. | **बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| १७. | **सञ्चित कोष** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| १८. | श्रोत नक्साकंन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साकंन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १९. | **कन्टिन्जेन्सी खर्च**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टीन्जेन्सी खर्चको लगत राखी नगरी नहुने खर्चमा मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ । | |

२०. **मुल्य अभिवृद्धि कर असुली नगरेको** : मुल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५४ अनुसार आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी दाखीला गर्नु पर्नेमा यस वर्ष पालिकावाट आय ठेक्का वन्दोवस्त भएका तपसिलको कार्यमा मुल्य अभिवृद्धि कर असुली नगरेकोले तत्काल सो रकम असुल गरी संघीय सञ्चित कोष खातामा दाखीला भएको भौचर पेश हुनुपर्ने रु. ३१४१२४४

| सि.नं | ठेक्का लागेको क्षेत्र | ठेक्का लिनेको नाम | ठेक्का कर वाहेक रकम | मुल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| १ | विरीङ्ग खोला संकलन तथा बिक्री | प्रगतिशील निर्माण सेवा | ११००००० | १४३०००० |
| २ | विरीङ्ग खोला नदीजन्य पदार्थ ढुवानी सडक सुधार कर | वारदशी निर्माण सेवा | ६३९०००० | ८३०७०० |
| ३ | दुर्गापुर वजार | सरस्वती किराना पसल | १८१४१५ | २३५८४ |
| ४ | सुरुगा वजार | अविन ट्रेडर्स | ३५१३१८६ | ४५६७१४ |
| ५ | घैलाडुव्वा वजार | सरस्वती किराना पसल | ११७३००० | १५२४९० |
| ६ | विज्ञापन कर | इमन वृज नेपाल | ३५३९८४ | ४६०१८ |
| ७ | अमरपथ सडक सुधार कर | नवदुर्गा किराना पसल | ७६५९०२ | ९९५६७ |
| ८ | लक्ष्मीमार्ग सडक सुधार कर | नवदुर्गा किराना पसल | २६५६३६ | ३४५३३ |
| ९ | हिमाली मार्ग सडक सुधार कर | माता श्री ट्रेडर्स | ५२०२९० | ६७६३८ |
| | जम्मा | | २४१६३४१३ | ३१४१२४४ |

२१. **शिक्षा सशर्त** : निम्नानुसारको विद्यालयमा पूस्तकालय,सुचना प्रविधि सामाग्री खरीद,विज्ञान प्रयोगशाला,शौचालय निर्माण र ल्याव स्थापना गर्न भनी रु. ७०,८०,०००.००निकासा गरेको छ । तर तोकिए वमोजिमको कार्य भए नभएको,खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको,निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश हुनु पर्ने रु. १५४०००००

| सि.नं | विद्यालयको नाम | काम | रकम |
|---|---|---|---|
| ३ | आदर्श विद्यामन्दिर मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| ४ | आदर्श विद्यामन्दिर मा.वि. | इन्जिनियरीङ्ग ल्याव स्थापना | ५०००००० |
| ५ | कन्काइ मा.वि. | नमुना मा.वि.भवन | ९७५०००० |
| | जम्मा | | १५४००००० |

| | | |
|---|---|---|
| २४ | आयकर ऐन २०५८को दफा ८७ बमोजिम रोजगारीको आयमा निम्नानुसार कर्मचारीको पारीश्रमीक कर कट्टी गर्न छुट भएकोले कट्टीगरी दाखिला गर्नु पर्ने रु | ३२८८६ |

| सि.नं. | कर्मचारीको नाम | जम्मा आय | कट्टी गर्न पाउने | कर योग्य आय | १०% का रकम |
|---|---|---|---|---|---|
| १ | मे.अ. आठौ दुर्योधन यादव | ५७००२६ | ४९७२०० | ६२८२६ | ६२८२।- |
| २ | म.वि.अ.उमादेवी अधिकारी | ५३८७४४ | ४९४०९९ | ४४६४५ | ४४६४।- |
| ३ | स्टाफनर्स सातौ सरस्वती पाण्डे | ५६९०७८ | ५१९६१६ | ४९४६२ | ४९४६।- |
| ४ | हे.अ. छैटौं राजिव कु. विष्ट | ५२९७१३ | ५१०५५१ | १९१६२ | १९१६।- |
| ५ | अ.न.मी. छैटौं विमला मैनाली | ५४२३५३ | ५१२०९९ | ३०२५४ | ३०२५।- |
| ६ | सि अ.ए.व. इन्द्रहरी भट्टराई | ५२३३१२ | ५०९६५८ | १३६५३ | १३६५।- |
| ७ | सि.अ.हे.व. गंगा न्यौपाने पौड्याल | ५३८७५३ | ५१२०९९ | २६६५३ | २६६५।- |
| ८ | सि.अ.न.मी .संगीता अधिकारी | ५२७९१२ | ५१५६५८ | १२२५४ | १२२५।- |
| ९ | सि. अ.हे. व पोषराज त्रिताल | ५६६३१२ | ५२४६५८ | ४१६५४ | ४१६५।- |
| १० | अ.हे.व छैटौं श्याम कु. न्यौपाने | ५६६३१२ | ५४८१५६ | १८१५६ | १८१५।- |
| | | | | जम्मा | ३२८८६ |

५

<table>
<tr><td>२५</td><td>प्रदेश नं.१ :- आर्थिक कार्यविधि नियमावली को नियम  मा खर्च गर्दा स्वीकृत बजेट र सम्वन्धित खर्च शिर्षक बाट गर्नु पर्ने व्यवस्था छ । संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम सशर्त अनुदान स्वास्थ्य कार्यक्रम बाट निम्न कर्मचारीलाई मासिक रु ३५०० को दरले प्रोत्साहन भत्ता जम्मा रु ८४०००।- भुक्तानी गरेको पाइयो । स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यक्रममा कर्मचारी लाई  प्रोत्साहन भत्ता सम्वन्धि बजेट व्यवस्था नभएकोले सम्वन्धित बाट असुल गर्नु पर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारी को नाम</th><th>मासिक प्रोत्साहन भत्ता</th><th>वार्षिक भुक्तानी</th></tr>
<tr><td>१</td><td>सि.अ.हे.व पोषराज त्रिताल</td><td>३५००</td><td>४२०००।-</td></tr>
<tr><td>२</td><td>सि.अ.हे.व श्याम कु. न्यौपाने</td><td>३५००</td><td>४२०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८४०००।-</td></tr>
</table>
</td><td>८४०००</td><td></td></tr>
<tr><td>२६</td><td>औषधी ढुवानी - २०- २०७५।०६।२९, विभिन्न मितिमा औषधी ढुँवानी वापत मे १ च ३३७२ चालक परमेश्वर पराजुलीलाई रु.२०,०००। भुक्तानी गरेकोमा औषधी ढुँवानी भएको मिति, स्थान, हस्तान्तरण फाराम औषधीको विवरण लगायत खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु..</td><td>२०,०००</td><td></td></tr>
</table>

२७ फरक खर्च शिर्षक - प्रदेश नः १ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६(२) मा रकम खर्च गर्दा स्वीकृत वजेट र सम्वन्धित खर्च शिर्षक वाटमात्र गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार खर्च गर्दा असम्वन्धित खर्च शिर्षकवाट खर्च गरेको पाईयो। शिर्षक फरक पारी खर्च लेखेको रकम अनियमित देखिएको रु.. ६९७१६७

| भौ.नः/मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ३९-२०७५/९/१९ | मसलन्द तथा कार्यालय सामग्री | डा.सचु थापाको भ्रमण खर्च भुक्तानी | १३१००.०० |
| ४३-२०७५/९/३० | स्वास्थ्य चौकीका औजार उपकरण खरिद | जिना कट्वाललाई रक्तदान कार्यक्रमको आर्थिक सहयोग | १८५००.०० |
| ९२-२०७६/३/५ | आमा सुरक्षा कार्यक्रम | स्वास्थ्य तर्फका कर्मचारीको तलव भुक्तानी | २८१८५४.० |
| ९६-२०७६/३/६ | आमा सुरक्षा कार्यक्रम | डा.दुर्योधन यादवको २०७५ कार्तिक देखि २०७६ जेष्ठ सम्मको तलव भुक्तानी | ३४९०१७.० |
| १२२-२०७६/३/२४ | स्वास्थ्य तर्फको विभिन्न कार्यक्रम डेंगु नियन्त्रण, औषधी ढुवानी, महामारी रोग अभिमुखिकरण। | औषधी छिद्ने मेसिन खरिद | ११२०९६.०० |
| १२४-२०७६/३/२५ | परिवार नियोजन सुरक्षित मातृत्व | घनश्याम पौडेलको दैनिक भ्रमण खर्च | १२८००.०० |
| १२९-२०७६/३/२४ | लैंगिक हिंसा निवारण मा न्यायीक समितिको विकास तालिम | दुई सेट प्लाष्टिक टेवल खरिद | ८८००.०० |
| जम्मा : | | | ७९६१६७ |

२८ १३७- २०७६।३।३०, प्रदेश नः१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। नगर अस्पताल कन्काईको विस्तृत परियोजना प्रतिवेदन तयारी वापत हेल्थ केयर इन्टरनेशनल कन्सल्ट प्रा.लि.वुधनगरलाई रु.२,१५,०००। भुक्तानी गरेकोमा प्रस्ताव छनौट प्रकृया पेश भएन। पोशाक खर्च शिर्षकवाट भुक्तानी भएको उक्त रकम अनियमित देखिएको रु. २१५०००

२९ ३७- २०७५।९।१८, पशु प्रजनन् कार्यालय लाहानवाट १२५ लि. नाईट्रोजन रु.३,७५०।०० मा खरिद गरी प.से.प्रा.तेज व.पौडेललाई भुक्तानी गरेकोमा जिन्सी आम्दानी वाँधेको नपाईएको रु.. ३७५०

| | | | |
|---|---|---|---|
| ३० | ८६- २०७६।२।२७, सदावहार एग्रो भेट्स झापाको मिति २०७६।२।२२ को विलवाट ६४० के.जी. घाँसको विउ रु.१५० को दरले रु.९६,०००। मा खरिद गरेकोमा ६०७ के.जी.को कृषकहरुलाई वितरण गरेको भरपाई पेश भई बाँकी ३० के.जी.को रु.१५०।०० को दरले रु.४,९५०।००को भरपाई पेश नभएकोले असूल गर्नुपर्ने रु.. | ४९५० | |
| | **समानीकरण चालु** | | |
| ३१ | १४६-२०७६।३।३१ प्रदेश नं.१ आर्थिक कार्यविधि नियमावलि २०७५ को नियम ३६ मा खर्च गर्दा स्वीकृत वजेट र सम्वन्धित खर्च शिर्षकवाट गर्नुपर्ने व्यवस्था छ ।महिला विकास कार्यक्रम तर्फ महिला जागृति कार्यक्रम मा रु.४२०००।०० वजेट व्यवस्था भएकोमा उक्त कार्यक्रमबाट नगरपालिका मा कर तथा मालपोत सफटवयर सम्वन्धि तालिम संचालन गरी रु.४२०००।०० खर्च लेखेको पाइयो । फरक शीर्षकवाट खर्च लेखेको रकम अनियमित देखिएको रु. | ४२००० | |

कार्यालय : कन्काइ नगरपालिका

आ.व. २०७५/७६

| | | |
|---|---|---|
| ३२ | **गतको छुट-** प्रदेश नं.१ आर्थिक कार्यविधि नियमावलि २०७५ को नियम ३७(३) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। निम्नानुसार कर्मचारीलाई एकमुष्ट तलव भुक्तानी र गतको छुट भनी खर्च लेखेकोमा कुन महिनाको छुट हो खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु | ४७६८१० |

| सि.नं. | कर्मचारीको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | धन प्रसाद भुर्तेल | वैशाख तलव पेरोल | ३०५०० | गतको छुट |
| २ | डा.काजल वि.क. | तलव असार पेरोल | ८५५५० | एकमुष्ट तलव |
| ३ | डा.दुर्योधन यादव | तलव असार पेरोल | ८५०० | गतको छुट |
| ४ | अहेव श्याम कु. न्यौपाने | तलव असार पेरोल | २४४०० | अन्य भत्ता |
| ५ | पोषराज त्रिताल | तलव असारको पेरोल | ६१०० | अन्य भत्ता |
| ६ | ल्याब राकेश सिंह ठकुरी | माघ महिनाको पेरोल | ३०५०० | जेखिम भत्ता |
| ७ | हेअ राजिव कु. विष्ट | कात्तिक महिनाको पेरोल | ७००० | गतको छुट |
| ८ | डा.दुर्योधन यादव | असोजको पेरोल | २७३७६० | एकमुष्ट तलव |
| ९ | सिअहेव पोषराज त्रिताल | असोजको पेरोल | १०५०० | अन्य भत्ता |
| जम्मा | | | ४७६८१० | |

| | | | |
|---|---|---|---|
| ३३ | १४१- २०७६।३।३०, प्रदेश नं:१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७( ३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गालाई फर्निचर व्यवस्थापनको लागि रु.७,०९,२६३।३१ निकासा गरेकोमा विल भरपाई पेश भएन । त्यसै गरी प्रदेश नं:१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६(२) मा खर्च गर्दा सम्वन्धित खर्च शिर्षकवाट मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उक्त खर्च पोशाक, HIMS तालिम, परिवार स्वास्थ्य कार्यक्रम लगायत विभिन्न १० वटा शिर्षकवाट निकासा गरेको देखियो । यसरी फरक शिर्षकवाट लेखेको खर्च अनियमित देखियो । फरक शिर्षक वाट खर्च लेखको अनियमित रु.. | ७,०९,२६३ | |
| ३४ | **निशुल्क वितरण हुने औषधिको प्राप्ती, उपयोग र मौज्दातको अवस्था** - यस कार्यालयवाट खरिद भएका र अन्यत्रवाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परिक्षण गर्दा देखिएको व्यहोरा देहायवमोजिम रहेको छ । | | |

| सि.नः | औषधिको नाम | यस वर्षको खरिद तथा प्राप्ती | यस वर्षको खर्च | वाँकी मौज्दात | निशुल्क को लोगो | म्याद सकिने मिति |
|---|---|---|---|---|---|---|
| १ | Ciprofloxacin 500mg | १३००० | १०५०० | २५०० | छैन | july 2020 |
| २ | Paracetemole 500mg | ७४५०० | ४९५०० | २५००० | छ | july 2022 |
| ३ | Amoxicillin 500mg | ५६७०० | ३०८०० | २५९०० | छ | july 2020 |
| ४ | Amoxicillin 250mg | ३६९०० | ३१५०० | ५४०० | छ | july 2020 |
| ५ | Metronidazole 400mg | ३०२०० | १४२५० | १५९५० | छ | july 2022 |

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सोको प्राप्ती र निकासी विच सन्तुलन कायम रहनु पर्दछ । Authorised Stock Level, Emergeny Order point, औषधी प्राप्त हुने र वितरण समय, Lead time, Maximum consumption Minimum consumption आइटमको आधारमा खरिद प्राप्ती एवं मौज्दात अवस्थाको आइटम, निर्धारण गर्नु पर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्त प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले घटी एवं वढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद भुक्तानी हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च वीच सन्तुलन कायम गर्नु पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यानदिनु पर्दछ ।

| | | | |
|---|---|---|---|
| ३५ | **हात्तिपाईले कार्यक्रम** - ४६- २०७५।१०।२५, हात्तिपाईले कार्यक्रम अन्तर्गत स्वास्थ्य संयोजक पोषराज त्रितालको पेश्की रु.४,०८,०००। फछ्र्यौट गरेको श्रेष्ता परिक्षण गर्दा प्रदेश नं:१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(५) मा सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि संचालन गर्दा सो कार्यको कार्यक्रमको तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने, त्यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सम्पन्न भई सके पछी कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका माल सामानको विवरण र वील भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । पालिकाले हात्तिपाईले रोग विरुद्धको आम औषधि सेवन (MDA) कार्यक्रम संचालन गर्दा लागत अनुमान तयार नगरी कार्यक्रम संचालन गरेको, खर्चको जोडजम्मा नगरेको, खर्चको तेरिज नवनाएको तथा कार्यक्रम सम्पन्न भए पश्चात खर्च देखिने गरी प्रतिवेदन तयारी समेत गरेको पाईएन । खर्च देखिने गरी प्रतिवेदन तयारी नगर्दा वास्तविक खर्च यकिन नहुने हुनाले अनिवार्य रुपमा प्रतिवेदन लिने व्यवस्था गर्नु पर्दछ । | | |
| ३६ | कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७५/७६ मा तराईमा एक स्वास्थ्यकर्मी वरावर दिनको ५० घर परिवारलाई औषधि खुवाउनु पर्ने व्यवस्था छ । स्वास्थ्यकर्मी परिचालन गरी १३० दिनको यातायात र खाजा खर्च वापत रु.९१,३२१। खर्च लेखेकोमा औषधि खुवाएको घरधुरी संख्या पेश नगरेको कारण रु.९१,३२१। वास्तविक खर्च हो भन्ने यकिन भएन । | | |
| ३७ | **निरिक्षण अनुगमन** - हात्तिपाईलेको औषधि खुवाई सकेपछिको प्रभाव, परामर्श सेवा तथा अभिमुखिकरण कार्यक्रमको स्थलगत निरिक्षण तथा अनुगमन गर्नुपर्ने व्यबस्था अनुरुप अनुगमन खर्च रु.१०,०००।०० लेखेकोमा अनुगमन प्रतिवेदन पेश नभएको रु.. | १०००० | |
| | **शिक्षा तर्फ** | | |
| ३८ | २-२०७५/०६/०४ भृकुटि मा.वि दुर्गापुर प्रा. शिक्षक डिल्ली राज चापागाँईको सिंहदेवी आ.वि टेक्रा बाट २०७५ श्रावणको तलब भुक्तानी भइसकेको तर निजको नाममा श्रावणदेखि कार्तिकसम्मको १,४४,९५६।00अनुदान निकासा गएकोले दोहोरो परेको श्रावणको २९,९७६।६० असूल गर्नुपर्ने रु. | २९९७६ | |
| ३९ | ७८-२०७६/०२/१४ आदर्श विद्या मन्दिर मा.वि घैलाडुवाको चैत्र को मा.वि शिक्षक ४ जनाको १,९२,१६७।– उ.मा शिक्षक २ जनाको ७२,४४०।– र आ.भु तहका १४ जना शिक्षकको ४,५७,११२।– गरी ७,२१,७१९।– निकासा जानुपर्नेमा ७,२९,८७१।– निकासा गएकोले बढी निकासा गएको असूल गर्नुपर्ने रु | ८१५२ | |
| | **पूजीगत तर्फ** | | |

| | | |
|---|---|---|
| ४० | **आयकर** – आय कर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर दोमुखा मोटर ड्राइभिङ्ग सेन्टरलाइ रु.१२६०००।०० भुक्तानी गर्दा रु.१८९००।०० कर कट्टा गर्नु पर्नेमा रु.१८९०।०० मात्र कट्टा गरेकोले घटी रु.१७०१०।०० असुल गरी संघिय राजश्व खातामा जम्मा गर्नुपर्ने रु. | १७०१० |
| ४१ | **स्थानीय पूवाधार साझेदारी विकास कार्यक्रम**<br>१- २०७५।११।०५, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा घटाइ भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत गराएको वडा नं ५ चप्रामारी चोक हुदै लक्ष्मी मार्गको ज्योती चर्चसम्म जाने कजवे निर्माण कार्यको सम्झौता वमोजिम रु.३१०८३७२।०० को कार्य भएको अवस्थामा मात्र सवै रकम रु.२४२६०८६।०० भुक्तानी गर्नुपर्नेमा काम नभएको रकम समेत आनुपातिक कट्टा नगरी रु.१०३६०४।०० भुक्तानी दिएकाले सो रकम असुल गरी सघीय सञ्चित कोष हुनुपर्ने रु. | १०३६०४ |
| ४२ | **घटीकर कट्टा नगरेको** : आय कर ऐन, २०५८ को दफा ८९ ३(क) अनुसार पचास लाख भन्दा बढीको उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ तर धनुष कोटी मार्ग सडक निर्माण योजना उपभोक्ता समितिलाई रु.५११९३६८।०० भुक्तानी गर्दा रु.७६७९०।०० कर कट्टा गर्नु पर्नेमा रु.६४९४०।०० मात्र कट्टा गरेकोले घटी रु.११८५०।०० असुल गरी संघिय राजश्व खातामा जम्मा गर्नुपर्ने रु. | ११८५० |
| ४३ | **मूल्य अभिवृद्धि कर भुक्तानी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५४ (संसोधन २०७६) अनुसार, ६.५ मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने कार्यालयले सम्वन्धित करदाताको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले देहाय अनुसारको फर्महरुलाइ रु.४३३४०३।०० मूल्य अभिवृद्धि कर नगरी कटटा भुक्तानी गरेकोले सो रकम असुल गरी सघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. | ५५४२७९ |

| मिति | फर्मको नाम | मुल्य अभिवृद्धि कर | आधा कर |
|---|---|---|---|
| ४१३।२०७६।०३।२० | कुम्भकर्ण कन्स्ट्रसन प्रा.लि. सडक कालोपत्रे धनुष कोटी मार्ग | ८६६८०५ | ४३३४०३ |
| ८४१।२०७६।०२।२१ | सतासी जयलक्ष्मी निर्माण सेवा भुरुङ्गा खोला पुल | २४१७५३ | १२०८७६ |
| | जम्मा | ८६६८०५ | ५५४२७९ |

| | | | |
|---|---|---|---|
| ४४ | **आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | | |
| ४५ | **उपभोक्ता समिति मार्फत कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको, योजना हस्तान्तरण नभएकोले उपभोक्ता समितिबाट गराएको सम्वन्धमा नगरसभा,कार्यपालिकाको गम्भीर ध्यानाकर्षण हुनु पर्दछ ।<br><br>सि.नं. \| आयोजनाको नाम \| रकम<br>१ \| अमरपथ सडक पुर्व कालोपत्रे \| १००५६३९<br>२ \| धनुषकोटी मार्ग कालोपत्रे \| ५११९३६८<br>३ \| पर्यटक मार्ग कालोपत्रे \| १७५०२९७<br> \| जम्मा \| ७८७५३०४ | | |
| ४६ | **कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कनकाइ नगरपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | | |
| ४७ | **प्राकृतिक तथा व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |

| | | |
|---|---|---|
| ४८ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४९ | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ५० | **अनुगमन प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । नगरपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम संचालनको संभाव्यता अध्ययन, अनुगमन, निरिक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| ५१ | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । तर पालिकाले साना साना योजना छनौट गरेको भएतापनि प्याकेज बनाइ वोलपत्रको माध्याममद्धारा गर्न सकिने सम्भावना हुदाहुदै पटक पटक उपभोक्ता समितिवाट कार्य गराएकोले ठुला योजना छनौटलाई प्राथमिकतामा राखि विकास निर्माणलाइ मितव्ययी,प्रभावकारी र उपलव्धीमुलक वनाउन सम्वद्ध सवै पक्षको गम्भीर ध्यानाकर्षण हुनु पर्ने देखियो । | |
| ५२ | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्फौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ५३ | **सभाको निर्णय कार्यान्वयन :** मिति २०७५।०३।१० मा सम्पन्न नगरपरीषद्‌बाट पारित कार्यक्रम र कार्यान्वर्यनको अवस्था को Follow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | |
| ५४ | **सामाजिक सुरक्षा भत्ता :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको | |

| | |
|---|---|
| | कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षाको अर्न्तगत कुल रु.७६९५७२००.०० निकासा एवम अनुसार खर्च गरेको पाइयो । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप नगरपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन । |
| ५४.१ | जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा नगरपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । नगरपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा नगरपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ । |
| ५४.२ | सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भपाईमा परिचय पत्र नं, फोटो राखिनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजीक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भर्पाइमा सम्वन्धित लाभग्राहीको परिचय पत्र नं तथा फोटो उल्लेख नगरी वितरण गरेको पाइयो । सम्वन्धित लाभग्राहीको आवश्यक परिचय खुलाई मात्र भत्ता वितरण गरिनु पर्दछ । |
| ५५ | **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.३९८७९५१।०० अनियमित बेरुजू रु.२२३९२४० ।००, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १५४३३७५०।०० र पेश्की रु.शुन्य समेत रु. २१६६०९४१।०० बेरुजू कायम भएको छ । |
| ५६ | **वितीय जबाफदेहिताको मूल्यांकन** : कार्यालयको व्यवस्थापकीय पक्ष, वितीय व्यवस्थापन पक्ष, सेवाप्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयले ६३ अंक अर्थात ६३ प्रतिशत ग्रेड (B )प्राप्त गरेको छ । उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ । |
| ५७ | **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौंट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : |

| गत वर्षको बेरुजू रकम (रु) (A) | यो वर्ष फछ्यौंट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| २०३३२४०९ | १०२६३९४८ | १००६८४६१ |

२८ **अद्यावधिक वेरुजू स्थिति :** नगरपालीकाको आर्थिक वर्ष २०७५।७६सम्मको फछ्र्यौट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ ।

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु)(C) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D) | यो वर्षको कायम वेरुजू (रु)(E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १००६८४६१ | ० | २१६६०९४१ | ३१७२९४०२ |